

नेशनल रिपब्लिक नेपाल (NRN) झण्डा

स्वतन्त्रता, भातृत्व, समानता र न्यायमा आधारित

लोकतन्त्र !  धर्म निरपेक्ष !!  प्रान्तिय सरकार !!!

# नेशनल रिपब्लिक नेपाल
# (NRN)



चुनाव चिन्ह मौरी

# घोषणा-पत्र
# २०८१

# नेशनल रिपब्लिक नेपाल - घोषणा पत्र २०८१

## प्रस्तावना

नेपालको राजनीति एकल नश्लीय बाहुनवादको पृष्ठ भुमिमा आधारित सामन्ती शोषण, सामन्तवादी संस्कार, सामन्ती सत्ताको वर्णभेदी(नश्लीय) नीति तथा लैङ्गिक भेदभाव साथै वर्णाश्रमी दलाल पूँजीवाद र अर्धसामन्ती अवस्थामा रहेको छ । वर्णभेदी नीति, साम्राज्यवादी राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक हस्तक्षेप र प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सार्वभौमिकता माथि भइरहेको हस्तक्षेपलाई नियाल्दा नेपाल अझै अर्धसाम्राज्यवाद अवस्थामा नै रहेको देखिन्छ । त्यस कारण सम्पूर्ण समुदाय, भाषाभाषी, संस्कृति र भौगोलिक विविधता युक्त लोकसमुदायका समस्याहरु लोकतन्त्र, धर्मनिरपेक्षता, संघीयता र समाजवादको खोल भित्र लुकाएर राखिएको बाहुनवादी सामन्तवाद र वर्णाश्रमी दलाल पूँजीवाद प्रणालीले हल गर्न नसकेको तथ्य स्पष्ट भएको छ । तसर्थ उल्लेखित र विद्यमान समस्याको स्थायी समाधानको बाटो अंगिकार गर्न, सम्पूर्ण मूलवासी (Indigenous) समुदाय, श्रमजिवी, शोषित, पिडित, नारी, उपेक्षित, उत्पिडित, असाहय, बालबालिका लगायतका सम्पूर्ण लोकसमुदायहरुको अधिकार, मुक्ति र मानविय अस्तित्व प्राप्तीका लागि व्यापक रुपमा लोक समुदायलाइ एउटै पङ्तिमा गोलबद्ध गरी बाहुनवाद, सामन्तवाद, साम्राज्यवाद तथा वर्णाश्रमि दलाल पूँजीवादको विरोध एवं सामाजिक संरचनामा आमुल परिवर्तन गरी पूर्ण लोकतान्त्रिक प्रणालीद्वारा समानता, स्वतन्त्रता, भातृत्व र न्यायपूर्ण समाज तथा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रही दिगो विकास, शान्ती, शुसासन र

समृद्धि सहितको समुन्नत नयाँ नेपाल निमार्ण गर्ने प्रतिवद्धता र दृढ सङ्कल्पका साथ हामी नेशनल रिपब्लिक नेपालको घोषणा पत्र २०८१ जारि गर्दछौं ।

## नेशनल रिपब्लिक नेपालको राजनीतिक धारणा

- मंगोलवाद दर्शन प्रति प्रतिबद्ध रही पूर्ण लोकतन्त्र, धर्मनिरपेक्ष र प्रान्तीय सरकार निर्माण र मजबुतीकरणमा लागिरहने ।
- वर्णभेदी अर्थात रंगभेदी नीति, धार्मिक तथा साँस्कृतिक विभेद, जातीय, लैंगिक, वर्गीय लगायत सबै प्रकारका विभेदहरुको अन्त्य गरि पूर्णरुपमा मानव अस्तित्व सहितको मानव अधिकार र मौलिक हकलाई मान्यता दिईने छ ।
- स्वतन्त्रता, समानता, भातृत्व र न्यायपूर्ण समाजलाई महत्व दिइने छ ।
- नेपाली नागरिक र विषेश गरि मूलवासी(Indigenous) समुदायहरु विभिन्न कालखण्डमा वाध्यतामा पारिएर देश छाडि विदेशिनु परेकोमा उनिहरु संसारका कुनै पनि ठाउँबाट आफनो घर नेपाल फर्कन चाहेको खण्डमा उनिहरुलाई बिना वाधा अड्चन नागरिकता दिईने छ ।
- धनी र गरिब बीचको दुरीलाई सन्तुलन कायम गर्ने गरि लोकतान्त्रिक समाजवाद ल्याईने छ ।
- राष्ट्रिय सरकारको हातमा विदेश नीति, टकसार, भन्सार, सुरक्षा र सञ्चार राखी अन्य अधिकार प्रान्तीय सरकारलाई दिइने छ ।
- नेपालको सेना कुनै विदेशी आक्रमण रोक्नको लागि नभएर सामन्ती शोषकको सानमानको लागि सुरक्षा र कमाई खाने भाँडो मात्र हो । जसको लागि शोषित पिडीत

लोकसमुदायको रगत र पसिनाको अरबौं अरब रुपैयाँ खर्च हुन्छ । यति ठूलो रकम विकासमा लगानी गर्ने हो भने देश ऋणको भारबाट मुक्त हुनुका साथै विकासमा पनि अघि बढ्छ । यसको ठाउँमा बरु केही हजार अर्ध सैनिक बल र नागरिकहरुलाई प्रशिक्षित गराएर सक्षम बनाउन सकिन्छ । सैनिकको संख्या भन्दा क्षमता बृद्धि गराई भारतीय तथा बृटिश सेना सो सरह सेवा सुविधा उपलब्ध गराईने छ ।

- कुनै पनि प्रान्तमा संकट उत्पन्न भएमा आवश्यकता अनुसार कम्तीमा ६ महिना र बढीमा ९ महिनाको संकटकालीन अवस्था लागु गर्न राष्ट्रपतिको सिफारिसमा व्यवस्थापिका संसदले पारित गरि सिधै राष्ट्रपतिले शक्ति संचालन गर्ने छ ।
- सबै समुदायको मातृभाषा र लिपिलाई आधारभूत स्कूलबाट नै पढाईने छ ।
- पश्चिममा लखन थापा मगर र पूर्वमा श्रीजंगा थेवेको नाममा विश्व विद्यालय स्थापना गरिने छ ।
- बुद्ध धर्म र संस्कृतिको विषयमा अध्ययन गर्नको लागि लुम्बिनीमा एउटा विश्वस्तरीय बौद्ध विश्वविद्यालयको स्थापना गरिने छ ।
- भ्रष्टाचारलाई अन्त्य गर्नुका साथै भ्रष्टाचारीले लुटेको सम्पत्तिलाई राष्ट्रियकरण गरि देशको विकासमा लगाइने छ ।
- बृटिश सैनिक, भारतीय सैनिक र सिंगापुर पुलिसमा कार्यरत गोर्खाजहरुलाई अवकाश पछि गरिएका विभेदहरु मिलाउने, असमान सम्झौताहरुको हेरफेर गर्ने जस्ता थुप्रै कुराहरुमा पहल गर्नुका साथै सक्रिय भुमिका निर्वाह गर्ने छ र वंशजको नागरिकता पाउने, दोहोरो नागरिकता पाउने, गैरआवासीय नागरिक बनाउन नपाउने कानून बनाईने छ ।

- लोकसमुदाय द्धारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, संसदहरु मन्त्री बन्न नपाउने, मन्त्रीहरु विज्ञ र विद्धानहरुबाट राष्ट्रपतिको सिफारिसमा व्यवस्थापिका संसदबाट पारित गरि मन्त्रीमण्डल गठन गरिने छ ।
- लोकसमुदाय द्धारा प्रत्यक्ष निर्वाचित प्रान्तीय मुख्य मन्त्री, प्रदेश संसदहरु मन्त्री बन्न नपाउने, मन्त्रीहरु विज्ञ र विद्धानहरुबाट मुख्य मन्त्रीको सिफारिसमा प्रदेश सभाबाट पारित गरि प्रान्तीय मन्त्री मण्डल गठन गरिने छ ।
- प्रान्तहरु पाँचवटा रहने, हिमाल, पहाड र तराई नछुटाई सिमाङ्कन गर्ने र मूलवासीहरुको मातृभाषाबाट खोला, नाला, पहाड, पर्वतको नामबाट नामाङ्कन गर्ने ।
- सबै मुलुक संगको सम्बन्ध समान दूरीको रहने छ ।

## १. राज्यको मूलभूत संरचना र लोकतान्त्रको मजबुतीकरण

- नेपाल एक अविभाज्य, सम्प्रभु, लोकतान्त्रिक, प्रान्तीय(संघीय) र धर्मनिरपेक्ष राष्ट्रको रुपमा अघि बढाईने छ ।
- देशको एकता र अखण्डता कायम गर्न सबै नागरिकहरूको कर्तव्य हुने छ ।
- विविधतामा एकताको सिद्धान्तलाई सम्मान गरी सबै मानवको अस्तित्व, धर्म, भाषा र संस्कृतिको समान रुपमा सम्मान गरिने छ ।
- शक्तिको विकेन्द्रीकरण गर्दै स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाइने छ ।
- राज्यसञ्चालन पारदर्शी, जवाफदेही र लोकउत्तरदायी हुने व्यवस्था निर्माण गरिने छ ।

- न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकाबीच सन्तुलनपूर्ण सत्ता विभाजन गरिने छ ।
- संविधानलाई देशको सर्वोच्च कानून मानिने छ ।
- कानूनको शासनलाई प्रवर्धन गरी सबै नागरिकहरूलाई समान संरक्षण प्रदान गरिने छ ।
- न्यायपालिका स्वतन्त्र र निष्पक्ष रहने छ ।
- प्रशासनिक कार्य सम्पादनमा सेवा ग्राहीहरुको लागि एकडोर प्रणली लागु गरिने छ ।

## २. लोकतन्त्र र सुशासन

- नेपाल एक लोकतान्त्रिक देश हो र रहने छ, जहाँ लोकसमुदायको सार्वभौमिकतालाई सर्वोच्च मानिने छ ।
- सबै नागरिकहरूलाई समान अधिकार, स्वतन्त्रता र अवसर प्रदान गरिने छ ।
- मानव अधिकारको संरक्षण र संवर्धन गर्न सरकारको प्राथमिकता हुने छ ।
- स्वतन्त्र र निष्पक्ष चुनावको ग्यारेन्टी गरिने छ ।
- नागरिक अधिकारको सुरक्षा, प्रेस स्वतन्त्रता र मानव अधिकारको संरक्षण गरिने छ ।
- भ्रष्टाचारमुक्त प्रशासन र कानूनको सर्वोच्चतालाई लागू गरिने छ ।
- डिजिटल सरकार र सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइने छ ।

- पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त सुशासन प्रणाली कायम गरिने छ ।
- सरकारी कार्यप्रणालीमा खुलापन र लोकसमुदायको सहभागिता सुनिश्चित गरिने छ ।
- भ्रष्टाचार विरुद्ध कडा कानून लागू गरी दोषीहरूलाई कठोर सजाय दिइने छ ।
- नागरिक सहभागितामा आधारित नीति निर्माण गरिने छ ।

## ३. आर्थिक नीति र समृद्ध नेपाल

- देशको आर्थिक विकासलाई प्राथमिकता दिदैं प्रविधि मैत्री र न्यायपूर्ण अर्थव्यवस्था निर्माण गरिने छ ।
- कृषि, उद्योग, पर्यटन र प्रविधिलाई आधार बनाई आत्मनिर्भर अर्थव्यवस्था स्थापना गरिने छ ।
- गरिबी निवारण, रोजगारी सिर्जना र आय असमानता घटाउने लक्ष्य राखिने छ ।
- आत्मनिर्भर अर्थतन्त्रको विकासमा प्राथमिक्ता दिने छ ।
- कृषि, पर्यटन, जलविद्युत, सूचना प्रविधि र उत्पादनमूलक उद्योगमा लगानी गरिने छ ।
- साना तथा मझौला उद्यमलाई प्रवर्द्धन गर्दै रोजगारी सिर्जना गरिने छ ।
- बेरोजगारी न्यूनीकरणको लागि व्यावसायिक तथा प्राविधिक शिक्षालाई मुख्य प्राथमिकता दिइने छ ।

- वैदेशिक रोजगारीमा भरपर्नु नपर्ने वातावरणको निर्माण गरिने छ ।
- निजी क्षेत्र, सहकारी र सार्वजनिक क्षेत्रबीच सहकार्य गरिने छ ।
- विदेशी लगानीलाई पारदर्शी र व्यावसायिक रुपमा व्यवस्थापन गरिने गरिने छ ।
- विदेशी लगानीकर्ताहरुको सुरक्षाको पूर्ण ग्यारेन्टी सरकारले गर्ने छ ।

## ४. शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा

- सबै नागरिकहरूलाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्न सरकार बाध्य हुने छ ।
- महिला, बालबालिका, वृद्ध, अशक्त र पिछडाइएका समुदायहरूको अधिकार संरक्षण गरिने छ ।
- सामाजिक न्यायलाई प्रवर्धन गरी समान अवसर सुनिश्चित गरिने छ ।
- कक्षा १२ सम्मको शिक्षा निःशुल्क र उच्च गुणस्तरको शिक्षाको सुनिश्चितता प्रदान गरिने छ ।
- व्यावसायिक तथा प्रविधिमा आधारित शिक्षालाई प्राथमिकता दिइने छ ।
- सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्दै सबै नागरिकलाई पहुँचयोग्य बनाइने छ ।

- वृद्ध, असहाय, नारि तथा अपाङ्गग नागरिकका लागि सामाजिक सुरक्षाको प्रत्याभूति गरिने छ ।
- ६५ वर्ष पुगेका वृद्ध नागरीकहरुको स्वास्थ्य उपचार सरकारले गर्नेछ ।

## ५. समानता र समावेशिता

- वर्णभेदी(नश्लीय) नीति, जातीय, लैंगिक, धार्मिक तथा भौगोलिक विभेदको अन्त्य गरिने छ ।
- सबै समुदाय, भाषिक समूह र धार्मिक समुदायबीच सहअस्तित्व र समन्वयको प्रवर्द्धन गरिने छ ।
- मूलवासी समुदाय तथा पिछडिएको वर्गका लागि विषेश अवसर प्रदान गरिने छ ।

## ६. राष्ट्रिय सुरक्षा, परराष्ट्र नीति र कानूनी सुधार

- नेपालले शान्तिपूर्ण सहअस्तित्व, अन्तर्राष्ट्रिय सहयोग र आपसी सम्मानको आधारमा विदेश नीति अगाडि बढाउने छ ।
- सीमा विवाद र अन्य अन्तर्राष्ट्रिय मुद्दाहरूमा शान्तिपूर्ण समाधान खोजिने छ ।
- नेपालले संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूसँग सक्रिय सहयोग आदान प्रदान गर्ने छ ।
- राष्ट्रिय सुरक्षा रणनीति सुदृढीकरण गर्दै आन्तरिक शान्ति कायम राखिने छ ।

- छिमेकी र अन्तर्राष्ट्रिय सम्बन्धहरू सन्तुलित र स्वतन्त्र राखिने छ ।
- कानून संशोधन गर्दै निष्पक्ष र स्वतन्त्र न्याय प्रणालीको विकास गरिने छ ।
- देशको सुरक्षा र सीमा संरक्षणलाई प्राथमिकता दिइने छ ।
- सुरक्षा बलहरूलाई पेशागत र आधुनिक बनाइने छ ।
- आन्तरिक सुरक्षा र शान्ति व्यवस्था कायम गर्न सरकार प्रतिबद्ध रहनेछ ।

## ७. वातावरण संरक्षण र दिगो विकास

- प्राकृतिक संसाधनहरूको सहि उपयोग र संरक्षण गर्ने नीति लागू गरिने छ ।
- जलवायु परिवर्तनको प्रभावबाट बच्न र न्यायपूर्ण समाधान खोज्न सरकार प्रतिबद्ध रहने छ ।
- हरित ऊर्जा र प्रदूषण नियन्त्रणलाई प्राथमिकता दिई पर्यावरणीय सन्तुलन कायम गरिने छ ।
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको दीर्घकालीन संरक्षण गरिने छ ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा हरित अर्थतन्त्रमा जोड दिइने छ ।
- नवीकरणीय उर्जा प्रवर्द्धन गर्दै स्वच्छ वातावरणीय नीति लागू गरिने छ ।
- वैज्ञानिक भूमि सुधार नीति लागु गरिनेछ ।

## ८. नागरिकको कर्तव्य

- सबै नागरिकहरूले संविधान र कानूनको पालना गर्नु पर्ने छ । तर अन्याय, अत्याचार, शोषण आदि विभेदपूर्ण कानूनको विरुद्ध आवाज उठाउने, वैचारिक र सैद्धान्तिक संघर्ष गर्न पाउँने स्वतन्त्रता प्रदान गरिने छ ।
- देशको विकास र समृद्धिमा सहभागी हुन प्रत्येक नागरिक बाध्य हुने छ ।
- राष्ट्रिय एकता र अखण्डता कायम गर्न सबैले योगदान दिनु पर्ने छ ।

## ९. प्रविधि, नवविचार र विज्ञान

- सूचना प्रविधि, स्टार्टअप र डिजिटल नेपाल अभियानलाई प्राथमिकता दिईने छ ।
- अनुसन्धान तथा विकासलाई प्रवर्द्धन गर्दै वैज्ञानिक सोच, खोज र आविष्कारलाई विस्तार गरिने छ ।
- डिजिटल पूर्वाधारको विस्तार गर्दै "स्मार्ट नेपाल" नर्माण गरिने छ ।

नेपालको भविष्यलाई सुरक्षित, समृद्ध र समानतायुक्त बनाउन नेशनल रिपब्लिक नेपाल प्रतिबद्ध छ । हामी नागरिकको हक, अधिकार र समृद्धिको लागि क्रियाशील रही लोकतन्त्र, सुशासन र आर्थिक विकासलाई सुनिश्चित गर्न दृढ संकल्पित छौं ।

"नयाँ सोच, सबल नेतृत्व, खुशी नागरिक र समृद्धि सहितको नयाँ नेपाल"

यस घोषणा पत्र उपर तपाईको अमुल्य सुझाव र सकरात्मक प्रतिक्रियाको लागी,

नोटः

Email: nationalrepublicnepal@gmail.com